# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक,पाँचथर

(कोशी प्रदेश, नेपाल)

**कुम्मायक गाउँपालिकाले आगामी आ.व २०८३/०८४ को आन्तरिक आय सङ्कलन गर्न ठेक्का आव्हान गरेको सूचना !**

**प्रथम पटक प्रकाशन मिति २०८३/०४/०१**

यस गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८३ बमोजिम आन्तरिक आय सङ्कलन गर्न देहाय बमोजिमको ठेक्काहरु वन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्कामा सहभागी भइदिनु हुन सम्बन्धित इच्छुक दर्तावाला फर्म वा कम्पनिहरुलाई यो सूचना प्रकाशन गरिएको छ। देहायको सूचना अनुसार दरभाउपत्र फारम मिति २०८२/०४/०६ गते कार्यालय समयभित्र खरिद गरि सक्नु पर्ने र मिति २०८३/०४/०७ गते दिनको १२:०० बजे सम्ममा कार्यालयमा गोप्य शिलबन्दी दरभाउपत्र दर्ता गरी दिनको २:०० बजे दर्ता भएका सिलबन्दी खोलिने छ।

देहाय

| क्र.स | ठेक्काको नाम | ठेक्का नं | न्यूनतम कबोल रकम | धरौटी रकम (कबोल अकंको) | फर्म खरिद शुल्क (रु) |
|---|---|---|---|---|---|
| १. | जडिबुटी, कवाडी, जीवजन्तु ,काठजन्य वस्तु र कृषिजन्य वस्तु निकासी कर सङ्कलन | KRM/RAJASHWA-2083-84-01 | ३,१५,१५५।०० | ५% | १,०००/- |
| २. | स्थानीय पूर्वाधार सेवा उपयोग सेवा शुल्क सङ्कलन | KRM/RAJASHWA-2083-84-02 | ५६,०००।०० | ५% | १,०००/- |
| ३. | यासोक बजार र माङ्जावुङ हाट बजारको कर शुल्क सङ्कलन | KRM/RAJASHWA-2083-84-03 | १,०४,१२०।०० | ५% | १,०००/- |
| ४ | ब्याडमिन्टन कभर्डहल | KRM/RAJASHWA-2083-84-04 | ६०,०००।- | ५% | १,०००/- |
| ५ | फोहोरमैला व्यवस्थापन | KRM/RAJASHWA-2083-84-05 | १,४२,००० | ५% | १,०००/- |

शर्तहरु

१.शीलबन्दी दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी ) तिरी तोकिएको मिति र समय भित्र यस कार्यालयको राजस्व व्यवस्थापन शाखामा दाखिला गर्न सकिने वा कुम्मायक गाउँपालिकाको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको राजस्व खाता नं. **GA 1.1 KUMMAYAK GA.PA. AANTARIK RAJASHO KHATA: 16901400000130** मा दाखिला गर्न सकिने सो को भौचर दरभाउपत्र पेश गर्दा संलग्न राख्नु पर्ने छ।

२. शीलबन्दी दरभाउपत्रसाथ कबोल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको कुम्मायकको धरौटी खाता नं. **GA 3.1 KUMMAYAK GA.PA. DHARAUTI KHATA 16901400000055** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी दरखास्त पेश गर्न सकिनेछ।

३.शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ।

४. छुट्टा-छुट्टै ठेक्काको दरभाउपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ।

५. रितपूर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन।

७. दरभाउपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व.२०८१/८२ को कर चुक्ताको प्रतिलिपि नविकरण भएको फर्मको प्रतिलिपि, नविकरण भएको व्यवसाय दर्ताको प्रतिलिपि अनिवार्य संलग्न हुनु पर्नेछ।

८. ठेका सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर दस्तुर महशुल ठेकेदार आफैले बुझाउनु पर्नेछ।

९. ठेका स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ।

१०. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा बिभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा, दोस्रो किस्ता २०८३ कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०८३ फाल्गुन मसान्त भित्र दाखीला गर्नु पर्नेछ। प्रथम किस्ता रकम ठेक्का सम्झौता गर्दा नै बुझाई बाँकी रकमको अंकमा २०८४ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।

११. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्न ठेक्काको सम्पुर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट बाँकी रकम असुल उपर गरिनेछ।

१२. सूचनामा कायम गरिएको न्यूनतम कवोल अंक भन्दा बढिमा बि.ओ.क्यू जोडजाममा रकम आउनु पर्नेछ।

१३. ठेकेदारले आय सङ्कलनका लागि लिएको ठेक्का गाँउपालिकाले तोकेको दर भन्दा बढि लिन पाइने छैन। बढि लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून बमोजिम कारबाही गर्न सकिनेछ।

१४. ठेक्का सन्चालन गर्दा गाँउपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारबाही गरिनेछ।

१५. कर शुल्क ,दस्तुर असुल गर्ने प्रयोजनका लागि गाँउपालिका कार्यालयले तोकेको ढाचाको रसिद गाँउपालिकाबाट लिई अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ।

१६. दरभाउ पत्र स्वीकृत भएको जनकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचिलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबोल गर्नेसँग सम्झौता गरिनेछ।

१७. साविक गाविस, कुम्मायक गाँउपालिकाले लगाएको ठेक्का लिई ठेकेदारबाट कबोल अङ्क चुक्ता नगरेको बक्यौता रहेको थाहा पाएमा निजलाई यस कुनै पनि सूचनामा प्रतिस्पर्धा गर्ने दिइने छैन।

१८. कुनै पनि चिठ्ठी, टेलिफोन, फ्याक्सबाट आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

१९. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुबै पक्षलाई मान्य हुनेछ।

२०. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार कुम्मायक गाउँपालिकाकार्यालयमा सुरक्षित रहनेछ।

२१. नेपाल सरकार ,अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ।

२२. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा र पूर्वाधार शाखामा थप विवरण बुझ्न सकिनेछ।

२३. कर, दस्तुर ,शुल्क संकलनको दररेट सहितको सुची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ। उक्त सुचिको वोर्ड सम्झौता अवधीभर सबैले देख्ने ठाउँमा राखी सुचिमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउनु पर्नेछ।

२४. यस सुचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

२५. ठेक्का नं. KRM/RAJASHWA-2083-84-01, KRM/RAJASHWA-2083-84-02, KRM/RAJASHWA-2083-84-03 र KRM/RAJASHWA-2083-84-05 को हकमा BOQ को महलमा **"न्यूनतम अनुमानित ठेक्का लगाउने बार्षिक परिमाण"** मा अंक भरी **"दर रु"** महलसँग गुणन गरी जोडजाम गरी पेश गर्नु पर्नेछ र ठेक्का नं. KRM/RAJASHWA-2083-84-04 को हकमा **"फर्म वा कम्पनीको पेश गरेको दर रु "** महलमा कवोल रकम उल्लेख गरी पेश गर्नु पर्नेछ।

२६. ठेक्काको दरभाउपत्र बि.ओ.क्यू भर्न कठिन भएमा वा जोडजाम गर्न नसकेमा एकमुष्ट कवोल रकम उल्लेख गरी स्वघोषणा गर्न समेत सकिने छ। स्वघोषणामा हस्ताक्षर र छाप लगाउनु पर्नेछ।

२७.दरभाउपत्र (BOQ) कुम्मायक गाउँपालिकाको वेबसाइट www.kummayakmun.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ साथै कुम्मायक गाउँपालिकाबाट खरिद गर्न सकिनेछ।